भरतपुर खानेपानी व्यवस्थापन वोर्ड भरतपुर , चितवनको अन्तिम लेखा परीक्षणको लागि मनसाय पत्र आह्वन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३।०५।३१

भरतपुर खानेपानी व्यवस्थापन वोर्डद्धारा आ.व २०८२।०८३ मा भए गरेको आय व्यय सम्बन्धमा वोर्डको आर्थिक प्रशासन विनियमावली २०६९ को विनियम १७४ वमोजिम अन्तिम लेखा परीक्षण गर्नुपर्ने भएकाले लेखापरीक्षण गर्न ईच्छुक नेपाल चाटर्ड एकाउण्टेन्ट संस्थावाट पेशागत प्रमाणपत्र प्राप्त लेखापरिक्षकहरुवाट यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र तपशिलमा उल्लेखित कागजात सहित आर्थिक र प्राविधिक प्रस्ताव छुट्टा छुट्टै खामवन्दी गरी कार्यालय समय भित्र मनसायपत्र (Letter of Interest) पेश गर्न आव्सन गरिन्छ ।म्याद नाघी वा रित नपुगी आएको मनसायपत्र मान्य हुने छैन ।

तपशिल :

१. लेखापरीक्षणको लागि सम्बन्धित संस्थावाट आफुले प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपि, अद्यावधिक करचुक्ता प्रमाणपत्र, ईजाजतपत्र संलग्न हुनुपर्नेछ ।

२. समान आर्थिक प्रस्ताव पेश भएमा निम्न भारको आधारमा कार्यालयले तोकेको आधार अनुसार छनौट गरिनेछ ।

क) सरकारी,गैरसरकारी तथा अन्तर्राष्ट्रिय संस्थासँगको अनुभव –४०

ख) फर्मको कारोवार रकम –२५

ग) सि.ए तथा अन्य कर्मचारी संख्या –२५

घ) फर्म प्रोफाईल र प्रस्तावना – १०

३. सूचनामा उल्लेख गर्न छुट भएको विषयमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

४. अन्य जानकारीको लागि कार्यालयको फोन नं. ०५६-४९३७३२ मा सम्पर्क गर्न सकिनेछ ।

५. मनसाय पत्र स्विकृत गर्ने /नगर्ने सम्पुर्ण अधिकार भरतपुर खानेपानी व्यवस्थापन वोर्डलाई हुनेछ ।

कार्यालय प्रमुख
भरतपुर खानेपानी व्यवस्थापन वोर्ड